# एस नेपालको पंचबर्षिय रणनीतिक योजना

# सन् २०१७-२०२२

## १. संस्थाको परिचय

सुदूरपश्चिममा बिद्यमान गरिबी, अशिक्षा एबं परम्परागत अन्धबिस्वासको चपेटामा परी पछाडी परेका सीमान्तकृत गरिब, महिला, दलित तथा जनजातिहरुको सीप र क्षमतालाई अभिबृद्धि गरी उनीहरुलाई सामाजिक बिकासको मुलधारमा अग्रसर गराउनको लागि स-शक्तिकरणका क्षेत्रमा युवाहरु (एस) नेपालको स्थापना भएको हो ।

स-शक्तिकरणका क्षेत्रमायुवाहरु (एस) नेपाल २०५९ साल असार ११ गते जिल्ला प्रशासन कार्यालय मंगलसेनमा दर्ता भई समाज कल्याण परिषद्मा आबद्ध भएको सामाजिक गैह्र सरकारी संस्था हो । एस नेपालको केन्द्रिय कार्यलय अछाम जिल्लाको साँफेबगर नगरपालीकामा र कार्यकारी टोलीको कार्यालय कैलालीको धनगढीमा रहेकोछ । एस नेपालले अछाम जिल्लाका २४, कैलालीका तिन र बैतडीको एक गरि जम्मा २८ वटा गाविसहरुमा बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेकोछ । अछाम, कैलाली र बैतडी जिल्लामा संचालित बिभिन्न कार्यक्रमहरुवाट ९०७७ घरधुरीका २९६८४ महिला र २७,६३४ पुरुषहरु गरि जम्मा ५७,३१८ जनसंख्या लाभान्वित भएका छन । जस मध्ये दलित महिला १०३२६ दलित पुरुष ९८८२ रहेका छन ।

एस नेपालले स्थापनाकाल देखि नै सुदूरपश्चिमाञ्चल क्षेत्रलाई आफ्नो मुख्यकार्यक्षेत्र बनाई समुदायमा आर्थिक, सामाजिक र नागरिक अधिकारका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिरहेको छ । खासगरी न्युनतम आधारभुत आबश्यक्तामा पहुच नभएकाहरु बिशेषगरी दलित, महिला, फरक क्षमता भएकाहरु र जनजातिहरुको क्षमता अभिबृद्धि गर्न र उनीहरुलाई अधिकारमुखी अबधारणाको माध्यमद्धारा आर्थिक, भौतिक तथा मानबीय बिकासका कार्यक्रमहरु संचालन गर्दै आईरहेको छ । यसका साथसाथै बिभिन्न किसिमका प्रकोप पिडित तथा प्रभावीत ब्यक्तिहरुलाई राहत पुऱ्याउने र अन्य सामाजिक भलाईका कार्यहरुमा पनि एस नेपालले निरुन्तर रुपमा सहयोग गरिरहेको छ ।

## २. रणनैतिक कार्यशाला

संस्थागत विकास संजालको सहयोगमा एस नेपालले सन २०१२ मा तयार गरेको रणनीतिक योजनाको पुनरावलोकन गर्दै समय सुहाउदो रणनीतिक योजना तयार गर्न धनगढीमा तीन दिने कार्यशालाको आयोजना गरेको थियो । पंचबर्षिय रणनीतिक योजना तयार गर्न संस्थाका सम्पुर्ण सदस्य एवं बरिष्ठ कर्मचारीहरु गरि जम्मा १३ जनाको सहभागीता रहेको थियो । २०१६ दिसेम्बेर ३० देखि २०१७ जनवरी १ सम्म धनगढीको सुभम आवास गृहमा सम्पन्न भएको रणनीतिक योजना निर्माण कार्यशालाको सहजीकरण

संस्थागत विकास संजाल, ललितपुरका कार्यकारी प्रमुख श्री बालकृष्ण महर्जनले गर्नुभएको थियो ।

**३. परिकल्पाना एवं उद्देश्यहरु** : एस नेपालको पंचबर्षिय रणनैतीक योजनाको परिकल्पना, लक्ष्य, उद्देश्य आदी यस प्रकार रहेका छन ।

**३.१. संस्थाको परिकल्पना**

एस नेपालको परिकल्पना “समानतापूर्ण समृद्ध समाज” रहेको छ । संस्थाको आन्तरिक परिकल्पना “सक्षम, सुशासित र समाबेसी एस नेपाल” रहेको छ ।

**३.२. ध्येय**

बन्चितिकरणमा परेका समुदायको जीवनस्तर सुधारका लागि अधिकारमुखी अवधारणा, क्षमता विकास तथा प्रकोप जोखिम न्यूनीकरण द्वारा दिगो विकासमा समर्थन पुर्याउने ।

**३.३ लक्षित वर्ग**

- बन्चितिकरणमा परेका समुदाय (बालबालीका, दलित, महिला र जनजाती)
- भूमिहीन
- फरक क्षमता भएका व्यक्ति
- प्रकोप पिडित
- एचआईभी संक्रमित तथा प्रभावित

**३.४. लक्ष्य**

- बन्चितीकरणमा परेका समुदायको क्षमता विकास गरि उनीहरुको दिगो जीवनस्तर सुधारका लागि सहयोग गर्ने ।
- बन्चितिकरणमा परेका समुदायहरुलाई बिपत जोखिम न्यूनीकरण तथा अधिकार प्राप्तिका लागि सहयोग गर्ने ।
- एस नेपाललाई दिगो, सुशासित र जनउत्तरदायी हुन सक्षम बनाउने

**३.५. मुल्य र मान्यता** : एस नेपालका मुल्य मान्यताहरु तपसिल बमोजीम हुनेछन

- प्रतिबद्धता
- अनुशासीत
- समानता
- सहयोगी

- समाबेशी
- शान्ति र सुरक्षा

४. **अवस्था बिश्लेषण :** एस नेपालको बर्तमान अवस्था बिश्लेषण गर्दा यसको सबल र कमजोर पक्ष तथा अवसर र चुनौतीहरुलाई यस प्रकार राख्न सकिन्छ

| **सवल पक्ष** | **कमजोर पक्ष** |
| --- | --- |
| • संस्थाको आफ्नै श्रोत केन्द्र ।<br>• नीति, नियम, बिधान र निर्देशिकाहरु भएको ।<br>• समुदाय र सरोकारवालाहरु संग सुमधुर सम्बन्ध ।<br>• समुदायसंग १५ वर्षको कार्य अनुभव ।<br>• सक्षम मानव संसाधन ।<br>• आफ्नै भौतिक पुर्बाधर भएको ।<br>• संस्थाका सदस्यहरु समावेसी भएको ।<br>• महिला नेतृत्व भएको ।<br>• दस्ताबेजिकरण भएको ।<br>• सबल कार्यकारी टोलि ।<br>• कार्यकारीणी समितिमा लैंगिक समानता ।<br>• पदाधिकारी र कर्मचारीको दुर्घटना बिमा गरिएको ।<br>• प्रजातान्त्रिक निर्णय प्रणाली<br>• कार्यकारीणी समितिको बैठक र साधारण सभा नियमत भैरहेको ।<br>• लेखा सफ्टवेयरको प्रयोग ।<br>• संस्थाको वेबसाइट भएको ।<br>• सहयोगी र प्रतिबद्ध कर्मचारीहरु ।<br>• संस्थाका उपलब्धिहरुलाई विभिन्न निकायहरुबाट पहिचान र सराह्रना गरिएको । | • सिमित आर्थिक श्रोत ।<br>• धेरै ठाउँमा कार्यालय रहेका कारण अधिक प्रशासनिक खर्च ।<br>• राजनैतिक दलहरु संगको पहुचमा कमी ।<br>• समय संग संगै परिवर्तन हुन नसकिरहेको ।<br>• अपूर्ण कार्यकारी टोलि ।<br>• कार्यसमितिले पर्याप्त समय दिन नसकेको ।<br>• कार्यकारी टोलिलाइ कार्यसमितिले भन्दा धेरै अधिकार प्रदान ।<br>• कार्यसमिति लाइ कम सेवा सुबिधा<br>• अछाममा सिमित कार्यक्षेत्र<br>• दिगोपनको योजना नभएको<br>• पुरुस्कार र दण्ड व्यवस्थाको कम्जोर कार्यान्वयन ।<br>• दोश्रो पुस्ताको नेतृत्व तयार नभएको |

| | |
|---|---|
| • संस्थाका कार्यालयहरु विभिन्न कार्यक्षेत्रमा रहेको । | |
| **अवसर** | **चुनौंती** |
| • संस्थागत विकास संजाल संग सुमधुर सम्बन्ध ।<br>• अन्तराष्ट्रिय गैससहरु सुदुर पश्चिममा काम गर्न इच्छुक ।<br>• कार्यअनुभव र बिगतको सहकार्यताको आधारमा नयाँ साझेदारी विकास सम्भावना ।<br>• संघिय प्रणालीका नयाँ ब्यबस्था ।<br>• सुदुर पश्चिममा समाधान गरिनु पर्ने धेरै समस्याहरु भएको ।<br>• राज्यको नीति ले स्थानीय संघ संस्थाहरुलाइ प्राथमिकता दिएको । | • गैसस सम्बन्धि राज्यको नीति र कार्यदिशा स्पस्ट नहुनु ।<br>• गैससहरुमा राजनैतिक हस्तक्षेप र अफन्तवाद भैरहेको ।<br>• गैससहरु बीच अस्वस्थ प्रतिस्पर्धा ।<br>• गैससबीच सहकार्य र समन्वय नहुनु<br>• कर्यछेत्र थोरै हुनु र घट्नु ।<br>• एस नेपालका दक्ष जनशक्ति बाहिर जानु ।<br>• गैसस प्रति समुदायको नकारात्मक धारणा हुनु र आशा धेरै हुनु |

**५. संस्थागत संरचना तथा कार्यविधि अनुसुची १ मा राखिएको छ ।**

**६. दिगोपनाको योजना**

- आफ्नै श्रोतको माध्यममा संस्था संचालनमा सहयोग जुटाउने ।
- कर्मचारी र कार्यकारीणी समितिलाई आ आफ्नो दायित्व प्रति प्रेरित गर्ने
- श्रोतकेन्द्रको उचित सदुपयोग गरि आय आर्जन गर्ने । श्रोत केन्द्रलाइ पाहुना गृह, तालिम केन्द्र, सभा समारोह केन्द्रको रुपमा प्रयोग गर्न योजना तर्जुमा गर्ने ।
- कर्मचारी र कार्यकारीणी समितिको दक्षता र सिपको सदुपयोग गरि संस्थाको पहिचान, श्रोत र उनीहरुको उत्प्रेरणामा सहयोग पुराउने ।
- कार्य समितिले अनिवार्य रुपमा संस्थालाइ योगदान दिने ।
- दिगो कोष खडा गरि प्रारम्भिक चरणमा यसलाइ बिउ कोषको रुपमा परिचालन गर्ने ।
- सोध अनुसन्धानकर्ताहरुलाइ सहयोग गरि सो बाफत केहि आर्थिक सहायता लिने ।

**७. संस्थाको रणनैतिक उद्देश्यहरु**

**क) बन्चितीकरणमा परेका समुदायको क्षमता विकास गरि उनीहरुको दिगो जीवनस्तर सुधारका लागि सहयोग गर्ने ।**

- सन २०२१ को अन्त सम्ममा तिनवटा जिल्ला (अछाम, बाजुरा र कैलाली) मा बन्चितिकरणमा परेका समुदाय छनौट गरि कम्तिमा पनि थप २५ ओटा गाविसमा जिबनस्तर सुधारका कार्यक्रमहरु संचालन गरि २००० घरधुरीका १०,७०० जनसंख्या लाभान्वित भएका हुनेछन ।
- सन २०२१ को अन्त सम्ममा बन्चितिकरणमा परेका समुदायका लागि क्षमता विकास र जीवनस्तर सुधार गर्न कम्तिमा १० ओटा कार्यक्रम संचालन भएका हुनेछन । यी कार्यक्रम ल २००० घरधुरीक ११,००० जनसंख्या लाभान्वित भएका हुनेछन ।

**ख) बन्चितिकरणमा परेका समुदायहरुलाई बिपत जोखिम न्यूनीकरण तथा अधिकार प्राप्तिका लागि सहयोग गर्ने ।**

- सन् २०२१ को अन्त्य सम्ममा बन्चितिकरणमा परेका समुदायका कम्तिमा ५०० घरपरिवारका २००० सदस्यहरुले बिपत जोखिम न्यूनीकरण सम्बन्धि सिक्षा पाएका हुनेछन ।
- सन् २०२१ को अन्त्य सम्ममा बन्चितिकरणमा परेका समुदायका ५० गाविसका २५०० घरधुरीका कम्तिमा पनि १,५०० व्यक्तिहरुले व्यक्तिगत घटनाहरु पंजीकरण गरि सामाजिक सुरक्षासंग सम्बन्धित सेवा सुविधाहरु सहज रुपमा प्राप्त गरेका हुनेछन ।
- सन् २०२१ को अन्त्य सम्ममा कार्यक्षेत्रमा विभिन्न समूह, संस्था, समितिमा लैंगिक समानता र सामाजिक समावेसीमा कम्तिमा पनि ५० प्रतिशतले वृद्धि भएको हुनेछ ।

**ग) एस नेपाललाई दिगो, सुशासित, जनउत्तरदायी हुन सक्षम बनाउने ।**

- २०१८ सम्ममा एस नेपाल संस्थाको नीति नियम, निर्देशिका र आचार संहिताहरु तयार तथा अध्यावधिक गरिएको हुनेछ ।
- एस नेपाललाइ सुशासित, मर्यादित तथा जनउत्तरदायी बनाउनको लागि बार्षिक रुपमा मुख्य सरोकारवालाहरुको सहभागितामा सामाजिक परिक्षण गरि पृष्ठपोषण प्राप्त गरेको तथा कार्यसमितिद्वारा कार्यमूलक अनुगमन बार्षिक रुपमा गरि प्रतिबेदन तयार पारिएको हुनेछ ।

- २०२१ सम्ममा संस्थाको कार्यसमिति, साधारण सदस्य र कर्मचारीहरुको क्षमता बृद्धि गर्दै लैंगिक समानता र समवेशिकरणको सिद्धान्त अनुसार समाबेस गरिएको हुनेछ ।

## ८. एस नेपालद्वारा अपनाउनुपर्ने रणनीति कार्यान्वयनका लागि कार्ययोजना

| क.सं. | क्रियाकलाप | सूचक |
|---|---|---|
| **उद्देश्य नं. १ : बन्चितीकरणमा परेका समुदायको क्षमता विकास गरि उनीहरुको दिगो जीवनस्तर सुधारका लागि सहयोग गर्ने ।** | | |
| १ | आधाररेखा सर्वेक्षण गर्ने । | |
| २ | कार्यक्षेत्र विस्तारका लागि गाविस तथा समुदाय छनौट गर्ने । | |
| ३ | व्यवसायिक योजना तयार गर्ने । | |
| ४ | आर्थिक सहयोग प्रदान गरि श्रोत लगानी गर्न लगाउने । | |
| ५ | समूह, समिति आदिको संस्थागत विकास गर्ने । | |
| ६ | सिपमुलक तालिम, गोष्ठी कार्यशाला तथा अन्तरक्रिया संचालन गर्ने । | |
| ७ | सरोकारवालाहरुसंग श्रोतमा साझेदारीको लागि सहकार्य गर्ने । | |
| ८ | सरोकारवालाहरु संग समन्वय बिस्तार गर्ने । | |
| ९ | सहकारी गठन र क्षमता विकास गर्ने । | |
| १० | सहकारीको ब्यबस्थापन र दिगोपनको लागि सहकार्य गर्ने । | |
| **उद्देश्य नं. २ : बन्चितिकरणमा परेका समुदायहरुलाई बिपत जोखिम न्यूनीकरण तथा अधिकार प्राप्तिका लागि सहयोग गर्ने ।** | | |
| १ | जोखिम न्यूनीकरण सम्बन्धि कार्यक्रम विकास गर्ने । | |
| २ | जोखिम न्यूनीकरण सम्बन्धि तालिम संचालन गर्ने । | |
| ३ | रेडियो तथा पत्रपत्रिका मार्फत सूचना प्रसारण गर्ने । | |
| ४ | नागरिक अधिकार र कर्तब्य सम्बन्धि तालिम संचालन गर्ने । | |
| ५ | परामर्श सेवा प्रदान गर्ने । | |
| ६ | बहस पैरवी गर्ने । | |
| ७ | कार्यक्षेत्रमा अभियान संचालन गर्ने । | |
| ८ | गोष्ठी र अन्तरक्रिया गर्ने । | |
| ९ | नागरिक वडापत्र प्रकाशन गर्ने । | |
| १० | तालिम, गोष्ठी, अन्तरक्रिया संचालन गर्ने । | |
| ११ | समूह, समितिहरुमा आचार संहिता र नीतिनिर्माण गर्न सहयोग गर्ने (GESI मैत्री) | |
| १२ | संस्थाले संचालन गर्ने सबै कार्यक्रमहरुमा GESI सम्बन्धि | |

| | | |
|---|---|---|
| | छलफल अनिवार्य गराउने (cross cutting issue का रुपमा) | |
| १३ | संस्थामा कार्यरत सदस्य तथा कर्मचारीहरुलाइ GESI सम्बन्धि तालिम संचालन गर्ने । | |
| **उद्देश्य नं. ३ : एस नेपाललाई दिगो, सुशासित, जनउत्तरदायी हुन सक्षम बनाउने ।** | | |
| १ | संस्था तथा कार्यक्रमहरुको वार्षिक रुपमा सामाजिक लेखा परिक्षण गर्ने । | |
| २ | निर्देशिका तथा आचार संहिताको पूर्ण रुपमा पालना गर्ने र गराउने । | |
| ३ | कार्यक्रममा कार्यरत कर्मचारीहरुको कार्यमूलक तथा पेशागत अनुगमन गर्ने, पृष्ठपोषण लिने र दिने । | |
| ४ | मुख्य सरोकारवालाहरुको सहभागीतामा कार्यक्रमहरुको सामाजिक लेखा परिक्षण गर्ने । | |
| ५ | संस्थाको साधारण सदस्यहरुमा ६ जना महिला सदस्य बढाउने जसमा दलित, जनजाति, अपाङ्ग तथा आदिबासी रहनेछन भने कर्मचारी महिला र पुरुष ५०।५० रहनेछन | |
| ६ | कार्यक्रमहरुको मुख्य तथा सहायक पदहरुमा समावेशी कर्मचारीहरुको व्यवस्था गर्ने । | |
| ७ | साविकको नियमावली तथा निर्देशिकाहरुलाई अध्यावधिक गर्ने | |
| ८ | सुरक्षा निर्देशिका, स्वार्थकोद्वन्द नीति, आपतकालीन उद्धार नीति (EPRP) सवारी साधन को प्रयोग नीति, तालिम हल तथा आवास कक्ष उपयोग नीति, चमेनागृह ब्यबस्थापन नीति हरु तयार गर्ने । | |
| ९ | संस्थागत पहिचानको लागि पोशाक तथा ज्याकेट, ब्याग र टोपी तयार गरि प्रयोगमा ल्याउने । | |

## ९. रणनैतिक योजनाको अनुगमन र मुल्यांकन

- बार्षिक रुपमा हुने साधारण सभाले रणनैतिक योजनाको प्रगतिको अनुगमन र मुल्यांकन गर्नेछ ।
- प्रत्येक त्रैमासिक रुपमा हुने कार्यसमितिको बैठकले योजनाको पुनरावलोकन गर्नेछ र यसका सिफारिसहरू साधारण सभाको बन्दसत्रमा छलफल गरिनेछ ।
- तेस्रो वर्षमा अध्यावधिक गरिनेछ र प्रत्येक बर्ष प्रगतिको समिक्षा गरिनेछ ।
- अनुगमन र मुल्यांकन अन्तर्वार्ता, समिक्षा बैठक लगायत अन्य बिधिहरु बाट गरिने छ ।

अनुसुची १ संस्थागतसंरचना

